प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY



विज्ञापनको लागि सम्पर्क:
९८०१४५८१८१,९८४२६३४४२६,९८५२६७५३४४ ०२३-५४३८२०

वर्ष-१६ ।। अङ्क : २८९ ॥ २०८१ मंसिर २५ गते मंगलबार (10th Dec 2024 Tuesday) Pratidin National Daily मूल्य-रु.५/-

## ६० वर्षपछि महारानीझोडाबासीले पाए धनीपुर्जा



झापा(प्रस) । करिव ६ दशकदेखि भोगचलनमा रहेर पनि धनीपुर्जा नपाएका गौरादह ४ र ५ का जग्गाधनीहरुले सोमवार प्रधानमन्त्रीको हातबाट पाएका छन् । साबिक महारानीझोडा गाविस र हाल गौरादह -४ र ५ अन्तर्गतका जग्गाधनीहरुलाई प्रधानमन्त्री केपी शर्मा ओलीले दर्ता प्रमाणपूर्जा वितरण गरेका हुन् । गौरादह -५, स्कुलचौनस्थित शिव मन्दिर परिसरमा विशेष नापी कार्यालय झापाको आयोजनामा भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्री बलराम अधिकारीको अध्यक्षतामा भएको कार्यक्रममा प्रधानमन्त्री ओलीले जग्गाधनीहरुलाई धनीपुर्जा वितरण गरेका हुन् ।

साबिक महारानीझोडा गाविसमा चार हजार घरघुरीका करिब आठ हजार कित्ताको नापी प्रमाणित नभएका कारण स्थानीयबासीले लामो समयदेखि समस्या भोग्दै आएकोमा सरकारले गठन आदेशबाट समिति बनाइ समाधानको पहल गरेपछि प्रमाणपुर्जा वितरण सुरु हुन सकेको हो ।

प्रधानमन्त्री ओलीले व्यवस्था परिवर्तनपछि अवस्थामा परिवर्तन भएन भन्नेहरुका लागि जवाफ मिल्ने गरी अहिलेको संयुक्त सरकारले काम गरिरहेको बताउँदै जनताको हरेक समस्याको समाधान गर्ने प्रतिबद्धता व्यक्त गरे ।

मुलुकमा अस्थिरता मच्चाउने र देशको समस्या समाधान भएको देख्न नसक्नेहरुले सरकार ढल्न लाग्यो भनेर हल्ला फैलाए पनि नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहमति अनुसार अबको १८ महिनापछि कांग्रेसका सभापतिलाई सत्ता हस्तान्तरण गर्ने पुनः स्मरण गराए ।

कार्यक्रममा प्रधानमन्त्री पत्नी राधिका शाक्य, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्की, पूर्वमन्त्री अग्नि खरेल, प्रदेश सांसद, विभिन्न राजनीतिक दलका प्रतिनिधिलगायतको उपस्थिति रहेको थियो । गत साउन महिनादेखि धनीपुर्जा वितरणको प्रक्रिया शुरु भएको थियो ।

## खानेपानी आयोजनाको प्रधानमन्त्रीले गरे उद्घाटन

झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीले झापाको दमक नगरपालिका- ३ स्थित बेलडाँगी खानेपानी आयोजनाको सोमवार उद्घाटन गरेका छन्।

कार्यक्रममा प्रधानमन्त्री ओलीले सन् २०३० सम्ममा सबै नेपालीलाई गुणस्तरीय खानेपानी उपलब्ध गराउने लक्ष्य लिइएको र देशभर बिजुली, कृषि, संचार, उद्योग र सरसफाई आदिका अभियान संचालन गर्ने बताए।

उनले जनताले घरमै धारो खोलेर पानी खान पाउँदा आफूलाई आनन्द लाग्ने बताउँदै देशलाई अस्थिर हुन नदिन प्रमुख दलको नेतृत्वमा सरकार बनेकाले विकास निर्माणका अधुरा कामलाई गति दिने उल्लेख गरे।

'देश बनाउन हामी सबै एकताबद्ध हुनुपर्छ । हामीले बाँदरले जस्तो आफ्नो घर पनि नबनाउने र अरूको घर पनि भत्काउने गरेमा देश बन्दैन ।' प्रधानमन्त्री ओलीले भने, 'हामी विभिन्न पार्टीका हुन सक्छौं तर विकास निर्माणका काममा एक हुनुपर्छ । तपाईंहरुको प्रतिनिधि म फेरि प्रधानमन्त्री भएको छु, म देशका लागि थप केही गर्छु, तपाईंहरुको पनि नाम विश्वमा राख्छु यसमा ढुक्क हुन म आग्रह गर्छु ।'

कुल रु ५० करोड सात लाख ९२ हजार लागतमा निर्मित सो आयोजनाबाट नगरपालिकाको वडा नं २,३ र ४ का छ हजार पाँच सय २१ घरधुरीका २६ हजार सात सय ४३ जनसंख्या लाभान्वित हुनेछन् । कार्यक्रममा आयोजनाका लागि जग्गा दिने स्थानीयबासीलाई सम्मान गरिएको थियो । कार्यक्रममा प्रथम महिला राधिका शाक्य, नेकपा (एमाले) का उपाध्यक्ष युवराज ज्ञवाली, कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्की, संघीय खानेपानी मन्त्री प्रदीप यादव, प्रदेश र स्थानीय तहका जनप्रतिनिधिलगायत उपस्थित थिए।

## ओलीलाई कालो झण्डा देखाउने रास्वपाका २७ जना पक्राउ




झापा(प्रस) । प्रधानमन्त्री केपी शर्मा ओलीलाई कालो झण्डा देखाउने राष्ट्रिय स्वतन्त्र पार्टीका २७ जना नेता कार्यकर्ता पक्राउ परेका छन् । गौरादहमा १८ जना र कन्काईमा ९ जना पक्राउ परेका हुन् । सोमवार दिउँसो २:५५ बजे गौरादह -५, स्थित स्कुलचौनमा जग्गाधनी दर्ता प्रमाणपूर्जा वितरण कार्यक्रमबाट गौरादह बजारमा आयोजित ताजपुरिया समाज कल्याण परिषदको २९ औं स्थापना दिवस कार्यक्रममा सहभागी हुन आउने क्रममा प्रधानमन्त्री ओलीलाई गौरादह बजारस्थित झापा बेकरी हाउस अगाडि राष्ट्रिय स्वतन्त्र पार्टीका कार्यकर्ताहरुले कालो झण्डा देखाएका थिए ।

त्यसक्रममा रास्वपाका गौरादह नगर सभापति जगत अधिकारीसहित १८ जना पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा पार्टीका गौरादह नगर सभापति जगत अधिकारी , गौरादह नगर सचिव प्रविण वस्नेत , क्षेत्र नं. ५ की क्षेत्रीय सदस्य निर्मला शर्मा , दमक नगर उप-सभापति प्रतिमा दाहाल, गौरीगंज गाउँपालिका सचिव उद्धवप्रकाश गौतम, दमक नगर सचिव प्रविण पाठक,गौरादह ७ का वडा सभापति ऋषिराम प्रसाई ,पार्टी सदस्यहरु अनिश सुवेदी,टंक खनाल,गणेशराज पाण्डे, छत्रपति भट्टराई ,छत्रवहादुर कार्की , गौरादह ३ का वडा सभापति कमल बस्नेत , गौरादह ५ का वडा सभापति भवानीप्रसाद फुयाल,पार्टी सदस्य बावुराम दाहाल , नगर सदस्य खेमप्रसाद लुईटेल, गौरादह ४ का वडा सचिव दिपक सापकोटा र वडा नं ४ का सभापति युवराज खड्का रहेका छन् । उनीहरुलाई इलाका प्रहरी कार्यालय

❖ बाँकी अन्तिम पृष्ठमा

## नाबालिका बलात्कारको आरोपमा पूर्व मेयर शिवाकोटी पक्राउ



झापा(प्रस) । नाबालिकालाई बलात्कार गरेको आरोपमा बिर्तामोड नगरपालिकाका पूर्व नगर प्रमुख ध्रुवकुमार शिवाकोटी सोमवार पक्राउ परेका छन् ।

उनलाई पक्राउ गरी इलाका प्रहरी कार्यालय बिर्तामोडमा राखिएको छ । बिर्तामोडकी नाबालिकालाई बलात्कार गरेको आरोपमा इलाका प्रहरी कार्यालय काँकरभिट्टामा उजुरी परेको र सोही उजुरीको आधारमा बिर्तामोड प्रहरीले पक्राउ गरेको प्रहरी स्रोतले जनाएको छ । उनलाई पक्राउ गरी सोधपुछ भइरहेको इलाका प्रहरी कार्यालय बिर्तामोडका एक प्रहरी अधिकृतले बताए । आफ्नै घरमा राखेको नाबालिकालाई पटक पटक करणी गरेको आरोपमा शिवाकोटी पक्राउ परेको खुलेको छ । करिब ८ बर्ष अघिदेखि शिवाकोटीको बिर्तामोड-५ स्थित घरमा घरेलु कामदारका रुपमा काम गर्दै आएकी १७ बर्षिया नाबालिकालाई शिवाकोटीले पटकपटक करणी गरेको प्रहरीसँगको बयानमा खुलेको छ ।


बाबुको मृत्यु भएपछि ती किशोरी बिर्तामोडस्थित एक आफन्तकोमा बस्दै आएकी थिइन् । शिवाकोटीका टाढाका आफन्त पर्नेका घरमा बस्दै आएकी किशोरीलाई आफ्नो घरमा राखेर पढाउने भनेर शिवाकोटीले लिएर गएका थिए ।बाबुको मृत्यु भएपछि काँकडभिट्टामा रहेका आफन्तकोमा बस्दै आएकी उनकी आमाले पनि दोस्रो विवाह गरेकी छन्। दोस्रो विवाह गरेर उनी भारतको आसाममा बस्दै आएकी छन् ।

स्थानीय एक बिद्यालयमा ११ कक्षामा अध्ययनरत रहेकी उनलाई शिवाकोटीले पटक पटक करणी गरेको बताइएको छ । शिवाकोटीको शारीरिक शोषण सहन नसकेकी उनी भागेर भारतको आसाम जान लागेकी थिइन् । काँकडभिट्टा गेटमा शंकास्पद रुपमा भारत जान लागेकी उनलाई माइती नेपालका प्रतिनिधिले रोकेर सोधपुछ गरेका थिए । संस्थाका एक प्रतिनिधिका अनुसार स्कुल ड्रेसमा रहेकी उनी फेरि त्यहि घरमा जानुपर्छ भनेर अतालिएकी थिइन्। फकाएर सोधीखोजी गर्दा शिवाकोटीको कर्तुतका बारेमा खुलेको उनले जानकारी दिए । सोधपुछका क्रममा शिवाकोटीको जवरजस्ती करणी गर्ने गरेका कारण नेपालमा बस्न नसकेको प्रतिक्रिया दिएकी थिइन् । त्यसपछि प्रहरीले शिवाकोटीलाई नियन्त्रणमा लिएको हो । शिवाकोटी हाल इलाका प्रहरी कार्यालय बिर्तामोडको हिरासतमा छन् । पीडित किशोरीकी हजुरआमाले इलाका प्रहरी कार्यालय बिर्तामोडमा पनि उजुरी दिएका छन् । २०७४ सालको स्थानीय तहको निर्वाचनमा नेकपा एमाले पार्टीबाट प्रतिनिधित्व गर्दै उनी बिर्तामोड नगरपालिकामा निर्वाचित भएका थिए ।

## दमकमा दुर्घटनामा परी घाइते खरेलको निधन

झापा(प्रस) । झापाको दमकमा सवारी दुर्घटनामा परी घाइते भएका एकजनाको आइतवार राति निधन भएको छ ।

१९ दिनअघि दमकको क्याम्पस मोडमा पहिचान हुन नसकेको सवारीसाधनको ठक्करबाट दमक ५ निवासी ७२ वर्षीय कमल खरेल गंभीर घाइते भएका थिए । घाइतेलाई उपचारका लागि न्यूरो हस्पिटल विराटनगर लगिएको थियो । स्वास्थ्यमा सुधार नभएपछि परिवारले चार दिनअघि घरमै ल्याएका थिए । राति १०.२९ बजे उनको मृत्यु भएको मृतकका भाइ टीकाराम खरेलले बताए ।



ठक्कर दिने सवारीसाधनको अझ पहिचान हुन सकिरहेको छैन । प्रहरीले घटनामा संलग्न सवारीसाधनको खोजी गरी कार्वाही गर्न हेलचेक्रयाइँ गरिरहेको भाइ टीकाराम खरेलले बताए । बशिष्ठ आश्रम खरेल प्रबर्धन समितिका सदस्य ,खरेल कुल मन्दिर लखनपुरका परिकल्पनाकारसमेत रहेका खरेलको सोमवार कन्काई माईमा अन्त्येष्टि गरिएको जनाइएको छ ।

उता मोरङमा भएको सवारी दुर्घटनामा एकजनाको मृत्यु भएको छ ।

आइतवार राति ८ बजे मोरङको सुन्दरहरैँचा नगरपालिका-९ सलकपुरमा ना७ ख ३२२३ नम्बरको टिपरले विपरीत दिशाबाट आउँदै गरेको प्र १-०२-०५४प३५५८ नम्बरको स्कुटरलाई ठक्कर दिएको थियो ।

दुर्घटनामा घाइते स्कुटर चालक पथरी शनिश्चरे नगरपालिका-३ हसनदह का ४४ वर्षीय यमबहादुर रायमाझीको उपचारको क्रममा नोबेल अस्पताल विराटनगरमा मृत्यु भएको कोशी प्रदेश प्रहरी कार्यालय विराटनगरले जनाएको छ ।

## बिमा प्राधिकरणका अध्यक्ष सिलवालविरुद्ध भ्रष्टाचार मुद्दा दायर

झापा(प्रस) ।नेपाल बिमा प्राधिकरणका अध्यक्ष सूर्यप्रसाद सिलवालविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सोमबार अध्यक्ष सिलवालउपर नपाएको ओहदा पाएँ भन्ने एवं झुटा विवरण दिई भ्रष्टाचार गरेकोसम्बन्धी आरोपपत्र दायर गरेको हो ।

अख्तियारका प्रवक्ता नरहरि घिमिरेका अनुसार अध्यक्ष सिलवालले नागरिकतामा पटक-पटक जन्ममिति संशोधन गरी नागरिकता तथा राहदानीमा केरमेट र जालझेल गरेको भेटिएको छ । प्राधिकरणको अध्यक्षको हैसियतमा सिलवालले २०८० साल साउन १६ गते अवकाश पाउनुपर्नेमा ६६ वर्ष पुग्दा पनि पछिल्लो ९ महिनादेखि राष्ट्रसेवक पदको दुरुपयोग गरी लाभ, सुविधा र अधिकारको प्रयोग गरिरहेको अख्तियारले जनाएको छ ।

सिलवालको जिल्ला प्रशासन कार्यालय, पर्साबाट जारी मिति २०३२।११।२४ गतेको नेपाली नागरिकता प्रमाण पत्र प्राप्त गर्दा उमेर १६ वर्ष उल्लेख भएको, जिल्ला प्रशासन कार्यालय काठमाडौंबाट नेपाली नागरिकताको प्रतिलिपि प्राप्त गर्दा मिति २०६६।०१।१७ गते जारी नागरिकतामा जन्म मिति २०१६।०७।२२ उल्लेख भएको, त्रिभुवन विश्वविद्यालयवाट जारी डिप्लोमा तहको ट्रान्सक्रिप्टमा जन्म मिति २०१५।०४।१५ उल्लेख भएको, स्वंयले भरेको नोकरी तथा वैयक्तिक विवरण(सिटरोल) मा समेत ट्रान्सक्रिप्टको नै जन्म मिति २०१५।०४।१५ उल्लेख गरी विवरण भरी निजामती सेवामा मिति २०४३।०४।०१ गते रा.प. तृतीय श्रेणीको पदमा नियुक्ति लिएको, सोही जन्म मितिको आधारमा निजामती किताबखानाबाट निवृत्तिभरण अधिकार पत्र प्राप्त गरी, मिति २०७३।०४।१५ गते अनिवार्य अवकाश प्राप्त गरेको देखिएको अख्तियारले जनाएको छ।

सिलवाल आफैंले २०१५।०४।१५ लाई नै जन्म मिति कायम/स्वीकार गरे/गराएको पनि प्रवक्ता घिमिरेले जनाएका छन् ।

सिलवालले कूटनीतिक राहदानी, विशेष राहदानी लिने बेला राहदानी आवेदन फारममा उमेरको झुटो विवरण दिएको समेत खुलेको छ । प्रवक्ता घिमिरेका अनुसार राहदानी लिने क्रममा उनले जन्ममिति २०१८।०७।२४ कायम गरेको देखिएको छ । उनले आफ्नो वास्तविक जन्ममितिभन्दा करिब ३ वर्ष उमेर घटाएर उक्त राष्ट्रसेवकको हैसियतले प्राप्त हुने कूटनीतिक राहदानी र विशेष राहदानी प्राप्त गर्न झुट्टा विवरण पेस गरेका थिए । सिलवालविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १५ र दफा १६ को उपदफा (१) बमोजिमको कसुरजन्य कार्यमा सोही ऐनको दफा १५ र दफा १६ को उपदफा (१) बमोजिम कारबाही हुने अख्तियारले जनाएको छ ।

सिलवालले २०८०।०४।१५ गते देखि हाल सम्म लिएको लाभ सुविधा रकम ३६ लाख ६२ हजार १ सय ५४ रुपैयाँ १६ पैसा असुलउपर हुन मागदाबीसहित सोमबार अख्तियारले विशेष अदालत, काठमाडौंमा आरोप-पत्र दायर गरेको हो ।

## नवनिर्वाचित वडाध्यक्ष ओलीद्वारा पदभार ग्रहण

झापा(प्रस) । झापाको कनकाई नगरपालिका वडा न ६ का नवनिर्वाचित वडाध्यक्ष लक्ष्मीप्रसाद ओलीले पदभार ग्रहण गरेका छन्। गत मंसिर १६ गते भएको निर्वाचनमा स्वतन्त्र उम्मेद्वार ओली निर्वाचित भएका थिए । सोमबार कनकाई नगर प्रमुख राजेन्द्रकुमार पोखरेलले आफ्नै कार्यकक्षमा सपथ गराएपछि नवनिर्वाचित ओलीले वडा कार्यालयमा पदभार ग्रहण गरेका हुन् । नगर प्रमुख पोखरेलले सपथ ग्रहण गराउँदै बधाईसहित कार्यकालको



सफलता शुभकामना दिएका थिए ।कार्यक्रममा उपप्रमुख आशा शर्मा शिवाकोटीले स्वागतसहित बधाई तथा शुभकामना दिएकी थिइन् ।

प्रमुख प्रशासकीय अधिकृत सुरज श्रेष्ठले संचालन गरेको कार्यक्रममा वडा अध्यक्षसहित कार्यपालिका सदस्य, वडा सदस्य कर्मचारी , कनकाई स्वतन्त्र गणतान्त्रिक समूहका संरक्षक शेरबहादुर थापा , जामुनबारी सामुदायिक वन समितिका अध्यक्ष पर्शुराम गिरी, सचिव दिपक ओली , स्वतन्त्र नागरिक समूह वडा न ६ का अध्यक्ष मेदनीप्रसाद विमली , राष्ट्रिय स्वतन्त्र पार्टी कनकाई ६ का सभापति घनेन्द्र बस्नेतलगायतको उपस्थिति रहेको थियो ।

गत मंसिर १६ गते भएको उपनिर्वाचनमा चापाकल चुनाव चिह्न लिएर उठेका ५५ वर्षीय स्वतन्त्र उम्मेदवार ओली चार सय ९३ मतका साथ निर्वाचित भएका थिए । गत असार २ गते तत्कालीन वडाध्यक्ष दीर्घबहादुर थापाको निधन भएपछि कनकाई ६ मा उपनिर्वाचन भएको थियो । नवनिर्वाचित वडाध्यक्ष ओलीले २०७४ सालको चुनावमा समेत विजयी भई ५ वर्ष वडाध्यक्षको कार्यभार सम्हालेका थिए ।

# करेन्ट लागेर महिलाको मृत्यु



झापा(प्रस) ।करेन्ट लागेर मोरङको सुनवर्षी नगरपालिका-४ चैतामा एक महिलाको मृत्यु भएको छ ।

आइतवार साँझ घरमा लगाएको टिनको पाता निकाल्ने क्रममा अचानक करेन्ट लागेर ३५ बर्षीया रेखादेवी सिंहको मृत्यु भएको हो । करेन्ट लागेर घाइते भएकी उनलाई रंगेली अस्पताल पुऱ्याउनसाथ डाक्टरले मृत घोषित गरेका थिए । घटना सम्बन्धमा इलाका प्रहरी कार्यालय रंगेलीबाट आवश्यक अनुसन्धान भइरहेको जनाइएको छ ।

# मेचीनगरको मदरसामा आगलागी

झापा(प्रस) । झापाको मेचीनगर-१४ प्रणामीनगर टोलमा रहेको मदरसामा आगलागी भएको छ । आइतवार राति १२.१० बजेतिर एकतले पक्की, माथि टिनको छाना भएको मदरसा मझारे रुपमा जलेको छ ।

आगो प्रहरी चौकी चारआलीबाट खटिएको प्रहरी टोली, स्थानीय, मेचीनगर र भद्रपुर नगरपालिकाको दमकलको सहयोगमा राति १२:३० बजे पूर्णरुपमा नियन्त्रणमा आएको



सरिफको सभाहलमा कोही नभएको अबस्थामा अचानक आगलागी भएको हो । आगलागीबाट मदरसा आंशिक थियो । आगलागीबाट अन्दाजी ३ लाख मूल्यबराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

## नेपाली...

गाउँ' देखि सामाजिक कथानक फिल्म 'पूर्णबहादुरको सारंगी,' उनी भन्छन्, 'यसैकारण हरेक मेकरलाई आफ्नो विधा अनुसारको फिल्म बनाउने आँट आयो ।'

राम्रो कथा भन्न सकियो भने जुनसुकै विधाको फिल्म पनि चल्छ भन्ने उदाहरण अहिले देखिएको उनी बताउँछन् । 'पहिला जुन विधाको फिल्म चल्यो, उही विधामा फिल्म बनाउने लहर चल्थ्यो । अहिले सबै विधाका फिल्म चलेका छन् । यो खुसीको कुरा हो,' उनी भन्छन् । अहिले धमाधम फिल्महरू सुटिङ भइरहँदा फिल्मकर्मीहरू पनि व्यस्त छन् । केही फिल्महरू हालैमात्र छायांकन सकाएर फर्किएका छन् त केही सुटिङमै छन् । केही जाने तयारीमा छन् । सन्तोष सेन निर्देशित फिल्म 'बलिदान' अहिले छायांकनमै छ । सशान कँडेल निर्देशित फिल्म 'होस्टल ३', कुमार कट्टेल निर्देशित फिल्म 'लाज शरणम्', अरुण लामा निर्देशित फिल्म 'डोरी', खिलबहादुर निर्देशित फिल्म 'रिमै', लोकेश बज्राचार्य निर्देशित फिल्म 'विमान', सुयोग गुरुङ निर्देशित फिल्म 'जेरी अन टप', कृषा चौलागाईं निर्देशित फिल्म 'पीताम्बर', र प्रकाश सपूत निर्देशित फिल्म 'वसन्त' अहिले फ्लोरमै छन् । रोज महर्जन निर्देशित 'फेरि रेशम फिलिली', दीप गुरुङ निर्देशित 'जून-किरी' लगायतका फिल्म केही दिनअघिमात्र प्याकअप भए ।

सौरभ चौधरी निर्देशित फिल्म ' कर्मा' आउने साताबाट छायांकनमा जाँदैछ । माघमा पनि थुप्रै फिल्म छायांकनमा जानेछन् । राउत निर्देशित 'महाभोज', अर्जु सुवेदी निर्देशित 'सोल्टिनी', लक्ष्मण सुनार निर्देशित 'परालको आगो', 'कल्ली', मिलन तामाङ निर्देशित 'माइतीघर' र दीपेन्द्र के खनाल निर्देशित ' हरिबहादुरको जुत्ता' माघबाट फ्लोरमा जाने तयारीमा छन् ।

## ओलीलाई...

गौरीगंजमा राखिएको छ । त्यस्तै प्रधानमन्त्री ओलीलाई कालो झण्डा देखाउने राष्ट्रिय स्वतन्त्र पार्टीका थप ९ जना नेता कार्यकर्ता पक्राउ परेका छन् । गौरादहको कार्यक्रम सकेर प्रधानमन्त्री ओली बिर्तामोडतर्फ आउँदै गर्दा कन्काईको सुरुङ्गामा रास्वपाका नेता कार्यकर्ताहरुले नाराजुलुससहित कालो झण्डा देखाएका थिए ।

त्यसक्रममा ९ जना पक्राउ परेका हुन् । पक्राउ पर्नेहरुमा रास्वपाका झापा जिल्ला उपसभापति प्रकाश पाठक, बिर्तामोड नगर अध्यक्ष अर्जुन उप्रेती , क्षेत्र नं.२ का क्षेत्रीय सचिव दिपक दाहाल, झापा क्षेत्र नं. ४का क्षेत्रीय सभापति शम्भु सुस्केरा , शिवसताक्षी नगर कोषाध्यक्ष रमेश घिमिरे ,कोशी प्रदेश कानुन बिभाग प्रमुख सुरेशकुमार पोखेल , भद्रपुर नगर संयोजक लक्ष्मण बस्नेत , भद्रपुर नगर सभापति प्रेम न्यौपाने र क्षेत्र नं.२ क्षेत्रीय सभापति कमलमोहन उप्रेती रहेका छन् ।




# भ्रष्ट्राचार र अनियमितता बिरूद्ध जुटौं

- घुस लिने र दिने दुबै अपराधी हुन्
- भ्रष्ट्राचारीलाई दण्ड र तिरस्कार गरौं,
- सदाचारीलाई सम्मान र पुरस्कृत गरौं,
- सदाचार र नैतिक संस्कृतिको प्रवर्द्धन गरौं,
- सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी र जवाफदेही बनाऔं,
- भ्रष्ट्राचार र अनियमितता बिरूद्ध आवाज उठाऔं,
- भ्रष्ट्राचार र अनियमितता भएमा सम्बन्धित निकायमा उजुरी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# तपसिलमा उल्लेखित ऋणीको धितो रहेको अचल सम्पत्ति लिलाम बिक्री गर्ने (सात) ०७ दिने गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको सूचना

प्रकाशित मिति : २०८१/०८/२५

यस बैंकको तपसिलमा उल्लेखित ऋणी/व्यक्तिगत जमानीकर्ताहरुले म्यादभित्र कर्जा चुक्ता/भुक्तान नगरी/नगराई लिखित तथा मौखिक तरताकेता र पत्रपत्रिकाद्धारा कर्जा चुक्ता गर्न आउने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत कर्जा चुक्ता/भुक्तान गर्ने/गराउनेतर्फ कुनै चासो नदेखाउनु भएकोले धितो सुरक्षण स्वरुप लेखि/लेखाई दिएको तपसिल बमोजिमको धितो गोप्य शिलबन्दी बोलपत्रका माध्यमवाट लिलाम बिक्री गरी बैंकले आफ्नो लेना रकम असुल उपर गर्न यो ०७ दिने सूचना प्रकाशित गरिएको छ । यस बैंकमा धितो रहेको सम्पत्ति सकार गरिलिन इच्छुक महानुभावहरुबाट यो सूचना पत्रिकामा प्रकाशित भएको मितिले **०७औं** दिनभित्र यस बैंकमा कार्यालय समयभित्र आइपुग्ने गरी निम्न शर्तहरुको अधिनमा रही गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन आह्वान गरिन्छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको **०८औं** दिन वा सो दिन विदा परेमा त्यसको लगत्तै कार्यालय खुलेको दिनमा दिनको ३:०० बजे **केन्द्रीय कार्यालय, कर्जा असुली विभाग विर्तामोड**मा खोलिने हुँदा बोलपत्रदाता वा निजको आधिकारिक प्रतिनिधि उपस्थित हुन समेत जानकारी गराईन्छ । तर बोलपत्रदाताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । कथम्कदाचित सो धितोबाट असुलउपर हुन नसके ऋणी एवम् ब्यक्तिगत जमानतकर्ताहरु समेतलाई कालोसूचीमा समावेश गरी असुल उपर हुन बाँकी रहेको रकम ऋणी तथा कर्जा लिँदाका बखत ब्यक्तिगत जमानी दिने ब्यक्तिगत जमानतकर्ताहरुको नाममा रहेको वा निजहरुको हक भोगको अन्य चल अचल सम्पत्तिबाट समेत बैंक तथा बित्तीय संस्था सम्बन्धी ऐन तथा अन्य प्रचलित कानुन बमोजिम असुल उपर गरिने छ । साथै धितो सम्पत्ति लिलाम बिक्री हुन नसकेमा धितो सम्पत्ति बैंकले आफनो अनुकुलतामा आफैंले सकार गरी लिन सक्ने ब्यहोरा समेत जानकारी गराइएको छ ।

**तपसिल**

| क्र. सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | कर्जाको प्रकार | धितो सूरक्षणको विवरण |
|---|---|---|---|
| **शाखा कार्यालयः दमक** | | | |
| १ | **ऋणी**ः कम्पनी ऐन, २०६३ बमोजिम नेपाल सरकार, उधोग बाणिज्य तथा आपूर्ति मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर, काठमाण्डौंमा मिति २०७६/०६/०५ मा दर्ता नं. २२५२०५/०७६/०७७ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना मोरङ्ग जिल्ला उर्लावारी न.पा वडा नं. ०३ भै हाल सोही स्थान स्थित **ड्रिम्स इन्टरटेन्मेन्ट होटल प्रा. लि.** | **ब्यवसायीक आवधिक कर्जा** | बोधराज श्रेष्ठको नाममा मालपोत कार्यालय बेलवारी मोरङ्गमा, दर्ता कायम रहेको मोरङ्ग जिल्ला, मधुमल्ला गा.वि.स. वडा नं. ०९, स्थित कि.नं.१४९७ र १५०१ को क्षेत्रफल क्रमशः ०-०-१.५ र ०-०-१८.५ (वि.क.धु.) जग्गा, (सो जग्गामा निर्मित पक्की घर) र सो घरजग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत । |
| | **ऋणी**ः खड्ग प्रसाद श्रेष्ठको नाती, बाबुराम श्रेष्ठको छोरा नागरीकता बमोजिम ताप्लेजुङ्ग जिल्ला, खेवाङ गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा.वडा नं. ०३ बस्ने, मिति २०५७/०४/११ मा जिल्ला प्रशासन कार्यालय ताप्लेजुङ्गबाट जारी गरिएको ना.प्र.नं. ४३९४८/२४२६ भएको वर्ष ४१ को **उदय चन्द्र श्रेष्ठ ।** | **व्यक्तिगत ओडी कर्जा** | उदय चन्द्र श्रेष्ठको नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता कायाम रहेको मोरङ्ग जिल्ला लेटाङ गा.वि.स वडा नं ७ स्थित कि.न.१४२२, १४२०,८५२, १९५०, १९५९, १९६२ र १४४१ को क्षेत्रफल क्रमशः (०-०-७-१), (०-०-१२), (०-०-१७-३), (०-०-२-१), (०-०-११-०), (०-०-१०-०) र (०-१-०-२ गरि कुल क्षेत्रफल ०-४-१-२ वि.क.धु.क (अक्षरमा चार कठ्ठ एक धुर दुई कन्वा) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।<br>निशा श्रेष्ठको नाममा मालपोत कार्यालय बेलबारी मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला लेटाङ गा.वि.स बडा नं. ७ स्थित कि.न.१९६३, १९६४, १९६१ र १४३१ को क्षेत्रफल क्रमशः(०-०-१०-०), (०-०-१३-१), (०-०-१०-०) र (०-०-१८.३) गरि कुल क्षेत्रफल ०-२-१२-० वि.क.धु क.(अक्षरमा दुई कठ्ठ बाह्र धुर) जग्गा र सो जग्गाले चर्चेको सम्पुर्ण लिलिगापात समेत । |

**व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते बिवरण**

| | |
|---|---|
| **धितो/व्यक्तिगत जमानीकर्ता/संचालक**<br>नाम : बोध राज श्रेष्ठ<br>बाबु : नेत्र बहादुर श्रेष्ठ<br>बाजे : विर बहादुर श्रेष्ठ<br>ना.प्र.नंः २०३६ (जारी मिती :२०५७/०२/०२धनकुटा)<br>ठेगानाः धनकुटा जिल्ला, अर्खौले जितपुर गा.वि.स. वडा नं. ०५ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०३ बस्ने । | **व्यक्तिगत जमानीकर्ताः**<br>नाम : निशा मास्के<br>बाबु : बाल कुमार मास्के<br>पति : बोधराज श्रेष्ठ<br>ना.प्र.नं : ४२३५८२/१२४ (जारी मिती : २०६२/०४/१८तेहथुम)<br>ठेगानाः तेहथुम जिल्ला जलजले गा.वि.स. वडा नं. ०६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा वडा नं. ०३ बस्ने । |
| **व्यक्तिगत जमानीकर्ता/संचालक**<br>नाम : उदय चन्द्र श्रेष्ठ<br>बाबु : बाबुराम श्रेष्ठ<br>बाजे : खड्ग प्रसाद श्रेष्ठ<br>ना.प्र.नं : ४३९४८/२४२६ ( जारी मिती : २०५७/०४/११ताप्लेजुङ्ग)<br>ठेगानाः ताप्लेजुङ जिल्ला खेवाङ गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा वडा नं. ०३ बस्ने । | **व्यक्तिगत जमानीकर्ता/संचालक**<br>नाम : टिका राज भण्डारी<br>बाबु : रत्न बहादुर भण्डारी<br>बाजे : रणध्वज भण्डारी<br>ना.प्र.नं : ३०३८६-९२७ (जारी मिती : २०५५/१०/२० मोरङ्ग)<br>ठेगाना : मोरङ्ग जिल्ला उर्लावारी न.पा वडा नं. ०७ स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला, उर्लावारी न.पा. वडा नं. ०३ बस्ने । |
| **व्यक्तिगत जमानीकर्ताः**<br>नामः निशा श्रेष्ठ<br>बाबुः नारायण श्रेष्ठ<br>पतिः उदय चन्द्र श्रेष्ठ<br>ना.प्र.नंः २५०९१(०६३/०३/०७ झापा)<br>ठेगानाः झापा जिल्ला तोपगाछी गा.वि.स वडा नं. ३ स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला उर्लावारी न.पा. वडा नं. ३ बस्ने । | |

| क्र.सं. | ऋणी र व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तिनपुस्ते विवरण | धितो सुरक्षणको विवरण |
|---|---|---|
| २ | **शाखा कार्यालयः कञ्चनबारी**<br>**ऋणी**ः प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम नेपाल सरकार, वाणिज्य तथा आपूर्ती मन्त्रालय, वाणिज्य तथा आपूर्ती ब्यवस्थापन विभाग, वाणिज्य कार्यालय विराटनगरमा मिति २०७२/०८/२७ मा प्रा.फ.र.न. २७६९१ अन्तरगत रजिष्ट्रर्ड दर्ता भएको रजिष्ट्रर्ड ठेगाना मोरङ्ग जिल्ला विराटनगर उ.मा.न.पा./गा.वि.श. वडा नं.१५ भई हाल मोरङ्ग जिल्ला विराटनगर मा.न.पा.वडा नं.११, पन्चमुखी चोक स्थित ॐ साइराम सप्लायर्सका तर्फबाट ऐ.का प्रोप्राइटर नरेश प्रसाद सिंह राजपुतकी छोरी, सन्तोष कुमार सिंहकी पत्नी, नागरिकता बमोजिम सप्तरी जिल्ला मधेपुरा गा.वि.स., वडा नं. ०६, स्थायी ठेगाना भै हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा.,वडा नं.११, पन्चमुखी चोक बस्ने मिति २०५५/०९/२२ मा जिल्ला प्रशासन कार्यालय, मोरङबाट जारी गरिएको ना.प्र.प.नं.३९४०१ भएको बर्ष ४१ की **गुञ्जन कुमारी सिंह**<br>**कर्जा शिर्षक :सवारी साधन कर्जा**<br>**व्यक्तिगत जमानीकर्ताः**<br>**नाम** : रुमन विक्रम सिंह **बाबू** : सन्तोष कुमार सिंह, **बाजे** : कामेश्वर प्रसाद सिंह<br>**ना प्र नं**ः ०६-०१-७८-०३५५०,<br>**ठेगाना**ः इनरुवा न.पा/गा.वि.स. वडा नं.०३, स्थायी ठेगाना भई हाल मोरङ्ग जिल्ला विराटनगर म.न.पा., वडा नं. ११ बस्ने । | **सवारी साधनको विवरणः**<br>**उत्पादक कम्पनीको नामः** TATA MOTORS<br>**सवारी साधन मोडेल** :XENON YODHA<br>**बनेको मितिः** 2021<br>**सवारी दर्ता नं.**: प्र.१-०२-००२ च४९६४<br>**ईन्जिन नं.**: 49PCR10BYX607735<br>**चेसिस नं.**: MAT464602MSR03541 |

**शर्तहरुः-**

१. बोलपत्र फारम यस बैंकको कुनै पनि शाखा कार्यालयवाट रु.१०००।- (अक्षरेपी एक हजार मात्र) (पछि फिर्ता नहुने गरी) तिरी खरीद गर्न सकिनेछ । फोटोकपी गरिएको फारम मान्य हुने छैन ।
२. बोलपत्रदाताले लिलामी सूचनाको आधारमा ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण बोलपत्र फारममा स्पष्ट रुपमा भर्नुपर्नेछ , साथै लिन चाहेको सो सम्पत्तिको मुल्य अंक र अक्षरमा समेत भर्नु पर्नेछ ।
३. बोलपत्रको खाम वाहिर समेत ऋणीको नाम र लिन चाहेको सम्पत्तिको विवरण उल्लेख गर्नु पर्नेछ ।
४. यदि व्यक्तिले खरिद गर्ने भए नेपाली नागरिकताको तथा कम्पनीले खरिद गर्ने भए दर्ता प्रमाण-पत्रको प्रतिलिपी पेश गर्नु पर्नेछ ।
५. बोलपत्र साथ आफुले कबोल गरेको अंकको कम्तीमा दश प्रतिशत(१०%)ले हुने रकम यस बैंकको केन्द्रीय कार्यालयको खाता नम्वर 9266011520002 SUNDRY CREDITORS (OTHERS) मा जम्मा गरेको भौचरको सक्कल अर्धकट्टी रसिद वा बोलपत्र दाखिला गरिने बैंकको नाममा खिचिएको ड्राफ्ट वा बैंक जमानत वा यस बैकमा खोलिएको मुद्दती रसिद वा नेपाल राष्ट्र बैंकवाट जारी भएको सुरक्षणपत्र वा गुड फर पेमेन्ट चेक (Good for Payment Cheque) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ ।
६. लिलाम बिक्री हुने धितो सुरक्षण निरीक्षण गर्न चाहेमा बोलपत्र पेश गर्नु अगावै कार्यालय समय भित्र सम्बन्धित शाखा कार्यालयमा सम्पर्क राखी जे जस्तो अवस्थामा छ सोही अवस्थामा निरीक्षण गर्न सकिनेछ । साथै सोही अवस्था र परिमाणमा स्वीकार गर्नु पर्नेछ ।
७. बोलपत्र स्वीकृत भएको सुचना पाएको मितिले ३० दिनभित्र बोलकबोल गरेको सम्पूर्ण रकम बुझाई सम्पत्ति आफनो नाउंमा नामसारी गरी लिनु पर्नेछ । सो म्याद भित्र रकम नबुझाएमा धरौटी रकम स्वतः जफत हुनेछ ।
८. बोलपत्र दाखिल भइसकेपछि बोलपत्रमा उल्लेखित रकम वा शर्तमा कुनै हेरफेर हुने छैन । साथै बोलपत्र स्वीकृत वा अस्वीकृत हुने टुंगो नलागेसम्म धरौटी रकम फिर्ता दिइने छैन ।
९. रित नपुगेको वा म्याद नाघी पेश हुन आएको बोलपत्र स्वतः रद्द हुनेछ ।
१०. बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा नै सुरक्षित रहनेछ ।
११. बोलपत्र सदर वा बदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा बुझाएमा प्राप्त बोलपत्रहरु रद्द गरी धरौटी फिर्ता दिन सकिनेछ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**कर्जा असुली विभाग**

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# आमचिन्ता नाजायज

बेपत्ता पारिएका व्यक्तिको छानबिन आयोग र सत्य निरूपण तथा मेलमिलाप आयोगमा पदाधिकारी सिफारिस गर्न गठित समितिले सूचीकृत नाम सार्वजनिक गरेको छ। साथै यसरी सूचीकृत नाममाथि कसैको केही प्रतिक्रिया वा टिप्पणी भए दिनसमेत आग्रह गरेको छ। पूर्वप्रधानन्यायाधीश ओमप्रकाश मिश्रको संयोजकत्वमा गठित सिफारिस समितिले यस्तो सूचना जारी गरेसँगै सरोकारवालाका विभिन्नखाले धारणा आउन थालेका छन्। जुन स्वाभाविक पनि छ।

अहिले समितिले सार्वजनिक गरेका नाममध्ये अपवादबाहेक अरूको संक्रमणकालीन न्यायका क्षेत्रमा खासै दख्खल नभएको धेरैको टिप्पणी छ। अनि कतिपयले भने निवेदन आह्वान गर्दा दिनेहरूबाहेक कतिपय सिफारिस समिति आफैँले थप्ने कार्यप्रति पनि शंका व्यक्त गरेका छन्। अझ सबैभन्दा संवेदनशील चिन्ता त यस्तो आएको छ कि यो वा त्यो बहानामा फेरि पनि यस्ता आयोगको नेतृत्व राजनीतिक कार्यकर्ताकै पोल्टामा हालिने त हैन ? त्यसैले यतिबेलादेखि नै योबारे खबरदारी गर्ने क्रम सुरु भइसकेको छ।

संक्रमणकालीन न्याय नेपालमा सबैभन्दा बढी प्रचलनमा आउने शब्दमध्ये एक बनेको छ। यसको मुख्य कारण माओवादीले हिंसात्मक गतिविधि त्यागेर संसदीय राजनीतिमा आएको दुई दशक नाघिसक्दा पनि पीडितले न्याय र पीडिकले सजाय नपाउनु हो। यिनै दुई अवस्थासँग सम्बन्धित यो शब्दले पीडित पक्षलाई भने झनै झस्काइरहेको छ तर पनि यसबीचमा सत्तामा धेरै पटक पुगेको माओवादीलगायत कांग्रेस र एमालेले प्राथमिकतामा नराख्दा उनीहरूको पीडा झन् झन् बल्झिरहेको छ। यद्यपि द्वन्द्वमा प्रत्यक्ष संलग्न दलका नेताहरू भने द्वन्द्वपीडितलाई चिन्ने र उनीहरूबारे सोच्ने अवस्थामा समेत छैनन्।

हुन त यसअघि पनि यस्ता आयोग नबनेका हैनन् तर ती आयोगले निवेदन/उजुरी लिनेबाहेक यसलाई निष्कर्षमा पुऱ्याउन सकेनन्। हिंसात्मक द्वन्द्वको शिकार भएर आफन्त गुमाएका, बेपत्ताका परिवार, अंगभंगवाला तथा बलात्कृतहरूलाई न्याय दिनुपर्ने यस्ता आयोग मुख्य राजनीतिक दल निकट केही व्यक्तिलाई रोजगारी दिने ठाउँ मात्र बन्दै आए। यही कारण ती आयोगले उद्देश्यअनुसार काम गर्न सकेनन्। एकातिर राज्यको ढुकुटी सिध्याउने अर्कोतिर पीडितलाई घाँस देखाएर घिसारिरहने कार्य मात्र हुन पुग्यो। यसबीचमा पीडित पक्ष मात्र हैन, राष्ट्रिय/अन्तर्राष्ट्रिय मानव अधिकार संस्थाहरूले समेत निकै दबाब दिए पनि संक्रमणकालीन न्याय सुरु हुन सकेन।

अहिले यी अनयोगका लागि जुन नाम सिफारिस समितिले प्रस्ताव गरेको छ, तीमध्येबाट पुस २ गतेभित्र छानेर सरकारलाई उपलब्ध गराउनुपर्नेछ। जसबाट अढाई वर्षदेखि रिक्त दुई आयोगले पदाधिकारी पाउने आमअपेक्षा छ। अहिले बाहिर आएका नाम हेर्दा पूर्वप्रशासक, पूर्वन्यायाधीश, वरिष्ठ अधिवक्ता, पूर्वराजदूत, अधिकारकर्मीलगायत छन्। जसमा धेरैचाहिँ परिचित वा चिनिएका नाममध्ये नै छन्। तर यहाँभित्रका नाममध्ये अनुभव, इमानदारिता र योग्यतालाई राजनीतिक कवचले जित्ने हो कि भन्ने आमचिन्ता नाजायज छैन।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईंसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# न्यायपूर्ण समाज निर्माणका आधार



• पदम महर

समावेशी शिक्षा शैक्षिक दर्शन हो, जसले सबै विद्यार्थीलाई उनीहरूको शारीरिक, बौद्धिक, सामाजिक, भाषिकलगायत अपाङ्गता र अन्य विविधतालाई सम्बोधन गर्दै समावेशी सिद्धान्तको मर्म अनुसार, समतामूलक आधारमा, मूलधारको शिक्षा प्रणाली र कक्षाकोठामा शिक्षण सिकाइ क्रियाकलाप गर्ने शैक्षिक प्रक्रियालाई भनिन्छ। समावेशी शिक्षाले प्रत्येक विद्यार्थीले अपेक्षित शैक्षिक उपलब्धि हासिल गर्न सक्ने लचिलो र सहायक अध्ययन वातावरण प्रदान गर्ने लक्ष्य राखेको हुन्छ, जसले कसैको अपाङ्गता वा भिन्नताका कारण शैक्षिक उपलब्धिबाट वञ्चित गर्न नहुने कुरालाई सुनिश्चित गर्छ । शिक्षामा अपाङ्गता समावेशी भनेको अपाङ्गता भएका बालबालिकाले शिक्षाले निर्दिष्ट गरेका उद्देश्य प्राप्त गरी सर्वाङ्गीण विकाससँगै असल योग्य, सक्षम, प्रतिस्पर्धी र उत्पादनमूलक जनशक्ति तयार हुनु भन्ने हो । राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक र पूर्वाधार विकासका लागि त्यस्तो जनशक्तिको योगदान महत्वपूर्ण हुन्छ ।

देशमा दिगो शान्ति, सुशासन, विकास र समृद्धिका लागि शिक्षाले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । शिक्षाको मूल उद्देश्य उत्पादनशील नागरिक तयार गर्ने भएकाले अपाङ्गतालगायत सबै नागरिकको सिकाइ सक्षमता पूरा गर्न शिक्षा प्रणाली सबैका लागि अनुकूल, समतामूलक, पहुँचयुक्त र समावेशी हुन आवश्यक छ ।

### विकासक्रम

समावेशी शिक्षालाई एकीकृत शिक्षाको विकासक्रमका रूपमा लिन सकिन्छ । यसले शिक्षा क्षेत्र वा विद्यालय जीवनका केवल भौतिक पक्षलाई मात्र होइन, शैक्षिक प्रणालीका सबै पक्षलाई समावेश गर्न जोड दिएको हुन्छ । संयुक्त राष्ट्रसङ्घको सार्वभौमिक मानव अधिकार घोषणापत्रले शिक्षा सबै बालबालिकाको नैसर्गिक अधिकारका रूपमा परिभाषित गरेपछि संसारभरि बालबालिकाको बाँच्न पाउने अधिकार, माया ममता, संरक्षणको अधिकार, शिक्षाको अधिकार, परिचयको अधिकारलगायतका विषय गहनता र महत्वका साथ बहसमा आए । बिस्तारै नीतिगत साथै कार्यक्रमगत रूपमा पनि विस्तृत हुँदै आए । योसँगै अपाङ्गता भएका बालबालिकाको शिक्षाको विषय पनि अधिकारको रूपमा जनवकालतमार्फत सार्वजनिक चासोको विषय बन्दै आएको छ । यसलाई थप सुदृढ बनाउन युनेस्कोले १९९४ मा सलामाङ्कामा गरेको अन्तर्राष्ट्रिय सम्मेलनले सलामाङ्का स्टेटमेन्ट जारी गरी समावेशी शिक्षाको अवधारणालाई अगाडि सारेको पाइन्छ र तत्पश्चात् समावेशी शिक्षाको मर्म र आवश्यकतालाई विश्वव्यापी रूपमा वकालत गर्दै अपाङ्गतालगायत सबै बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्न शैक्षिक प्रणालीहरूमा अपाङ्गता भएका बालबालिकाको पूर्ण सहभागितालाई जोड दिएको छ ।

शिक्षक, शिक्षाविद् र शिक्षाका सरोकारवालाको बिचमा अपाङ्गता भएका बालबालिकाको शिक्षा सम्बन्धमा दुई वटा अवधारणालाई पारस्परिक वा प्रतिस्पर्धी बहसका रूपमा अगाडि ल्याएको देखिन्छ; विशेष शिक्षा वा समावेशी शिक्षा र यी दुई पक्षलाई शक्ति सम्बन्ध, मूल्य र अभ्यासहरूको स्थापना गर्ने विषयमा ठोस धारणा अस्पष्ट नै देखिन्छन् । पूर्वी युरोपेली देश-एस्टोनियाले २०१० देखि २०१९ को बिचमा आधारभूत विद्यालय र विशेष विद्यालय ऐन विकसित गरी कानुनी संरचना स्थापना गर्दै थप आवश्यकता भएका विद्यार्थीलाई शिक्षाको अधिकार प्रत्याभूत गर्ने जमर्को गऱ्यो । यी पहलले अपाङ्गता भएका बालबालिकाको शैशिक आवश्यकतालाई सुदृढ गर्दै शैक्षिक व्यवस्थापनको पक्ष बलियो बनाएको उल्लेख गरेको छ । विशेष कक्षाहरूमा विद्यार्थीको संख्या बढेको देखियो भने मूलधारका कक्षामा पनि अपाङ्गता भएका विद्यार्थीको सहभागिता उल्लेख्य वृद्धि भएको जनाएको छ । यद्यपि, धेरै विद्यालयका व्यवस्थापकले अपाङ्गता भएका वा थप आवश्यकता भएका विद्यार्थीका लागि विशेष तालिम प्राप्त शिक्षक, विभिन्न थेरापी जस्तै स्पिच थेरापी, फिजियोथेरापी, अकुपेसनल थेरापीलगायत मानोसामाजिक परामर्श जस्ता विशेषज्ञको प्रभावलाई थप आवश्यकताका रूपमा बहस र छलफल अगाडि ल्याएको छ ।

### समावेशी शिक्षाका मूल धारणा

समता : समताको अर्थ सबै व्यक्तिलाई जात, लिङ्ग, धर्म, अपाङ्गता, वा अन्य पहिचानका आधारमा कुनै भेदभाव नगरी समान अवसर, अधिकार, र सम्मान प्रदान गर्ने अवस्था हो । यसको उद्देश्य सामाजिक न्याय सुनिश्चित गर्दै सबैलाई समान सहभागिता र योगदानको अवसर उपलब्ध गराउनु हो । समतामूलक शिक्षा त्यो हो जहाँ सबै बालबालिकाले व्यक्तिगत आवश्यकता रुचि, चाहना र अवस्था अनुसारको सिकाइ उपलब्धि गर्ने अवसर प्राप्त गर्न सक्छन् । समतामूलक शिक्षाका लागि सबै विद्यार्थीलाई भौगोलिक, सामाजिक, आर्थिक, र सांस्कृतिक अवरोध हटाएर समान पहुँच सुनिश्चित गर्नु पर्छ । पाठ्यक्रम, शिक्षक प्रशिक्षण र नीतिगत व्यवस्थासहित विद्यालय पूर्वाधार समावेशी र भेदभावरहित हुनु पर्छ । भेदभावरहित भनेको म भेदभाव गर्दिन भन्ने मात्र होइन मेरा क्रियाकलापले सबैलाई न्याय गरेको छ भन्ने सुनिश्चित गर्नु हो, अर्थात् अपाङ्गताका कारण विद्यालय आउन नसक्नु र शिक्षाको अवसरबाट वञ्चित हुनुमा मेरो पनि हात छ भन्ने भावना जागृत हुनु हो । साथै सबै भिन्नतालाई सम्मान र अवसरका रूपमा हेरिनु र विविधताको स्वीकार नै शिक्षा विकासको अधिकारका रूपमा मानिनु समतामूलक शिक्षा हो ।

कानुन र नीतिगत व्यवस्था : अपाङ्गता भएका व्यक्तिको अधिकार महासन्धिको धारा २४ मा शिक्षासम्बन्धी प्रावधानले समावेशी शिक्षा प्रणालीको निर्माण गर्न अपाङ्गता भएका बालबालिका र युवालाई भेदभावरहित शिक्षामा समान र समतामूलक पहुँचको सुनिश्चित गर्न निर्दिष्ट गरेको छ । यसले अपाङ्गता भएका बालबालिकालाई मूलधारको शिक्षा प्रणालीसहित विद्यालयभित्रको शिक्षण सिकाइ क्रियाकलाप समतामूलक बनाउन र उनीहरूको व्यक्तिगत क्षमता, सम्मान, र पहिचानको पूर्ण विकास गर्न जोड दिएको छ । समावेशी र पहुँचयोग्य शिक्षाका लागि विद्यालयका संरचना, पाठ्यक्रम, र शिक्षण विधि र पाठ्यवस्तु अनुकूलन गरिनु पर्छ, सहायक प्रविधि र सेवा उपलब्ध गराउनु पर्छ । शिक्षकको भूमिका सशक्त बनाउन उनीहरूलाई विशेष तालिम दिनुका साथै सहायक सामग्रीको प्रयोगमा दक्ष बनाउनु पर्छ । अपाङ्गता भएका विद्यार्थीको आवश्यकता पूरा गर्न तालिम प्राप्त शिक्षक, साङ्केतिक भाषा, ब्रेल र मनोसामाजिक परामर्शलगायतका अतिरिक्त सहयोगी सेवा प्रदान गर्न आवश्यक हुन्छ ।

अनुकूलिन शिक्षण विधि : सिकाइको समावेशी ढाँचा अर्थात् युनिभर्सल डिजाइन अफ लर्निङ (युडिएल) शिक्षणको यस्तो रूपरेखा हो, जसले विविध क्षमता, रुचि र सिकाइ शैली भएका विद्यार्थीको आवश्यकतालाई सम्बोधन गर्न शिक्षण प्रक्रियालाई आवश्यकतामा आधारित, पहुँचयोग्य र समावेशी बनाउने रणनीतिको व्याख्या गर्छ । यसले सिकाइ सामग्रीको बहुआयामिक प्रस्तुति, विद्यार्थीका लागि विभिन्न अभिव्यक्तिका माध्यम, र उनीहरूको रुचि र सहभागितालाई प्रोत्साहन गर्न उल्लेख्य कक्षागत र बाहिरी क्रियाकलापलाई जोड दिएको हुन्छ । नेपालमा युडिएल कार्यान्वयनका लागि एकीकृत पाठ्यक्रम, विद्यालय शिक्षा नीति र समावेशी शिक्षा रणनीति, २०७७ जस्ता नीतिगत व्यवस्थाले समावेशी शिक्षालाई अग्रगमनतर्फ लगेको छ । प्रभावकारी कार्यान्वयनका लागि शिक्षकलाई युडिएलसम्बन्धी विशेष तालिम प्रदान गर्न, सहायक प्रविधि र उपकरणको प्रयोग गर्न र समुदाय, परिवार र विद्यालय सहकार्य तथा पूर्ण विद्यालय नीतिमार्फत सहकार्यमा आधारित शिक्षणमा जोड दिन जरुरी छ । उदाहरणका लागि दृष्टिविहीन बालबालिकाका लागि ब्रेल सामग्री उपलब्ध गराउने, ग्रामीण क्षेत्रमा बहुभाषिक शिक्षण सामग्रीको विकास तथा निर्माण गर्ने, साङ्केतिक भाषाको प्रयोग, सामग्री निर्माण, दृश्य सामग्रीमा जोड दिने र ठुला तथा रङ्गिन सचित्र सामग्री, श्रव्य दृश्य सामग्री, इजी टु रिड भर्सन, मनोसामाजिक सहयोग उपलब्ध गराउनु नै सिकाइको समावेशी ढाँचाको मूल आशय हो । नेपालमा युडिएलको कार्यान्वयनले समावेशी शिक्षाको मापदण्ड सुधार गर्दै सबै विद्यार्थीलाई समान अवसर र पहुँच सुनिश्चित गर्ने छ ।

सहयोगी सेवा : सहयोगी सेवा भन्नाले कुनै व्यक्ति, समूह वा समुदायलाई उनीहरूको आवश्यकता र क्षमता अनुसार उचित सहयोग र साधन उपलब्ध गराउने प्रक्रिया हो । विशेषतः समावेशी शिक्षाका लागि अपाङ्गता भएका बालबालिकाको सिकाइ सहजीकरणमा सहयोगी सेवाको ठुलो भूमिका हुने गर्छ । शिक्षामा सहयोगी सेवा भनेको सहयोग संयन्त्रलाई सङ्केत गर्न खोजिएको छ, जस अन्तर्गत दृष्टिसम्बन्धी अपाङ्गता भएका विद्यार्थीका लागि ब्रेलमा लेखिएका किताब उपलब्ध गराउनु, सस्त श्रवण भएका विद्यार्थीका लागि साङ्केतिक भाषाका सामग्री वा बौद्धिक अपाङ्गता भएका विद्यार्थीका लागि ठुलो छापा र दृश्य श्रव्य सामग्रीमार्फत सिकाइ सहजीकरण गर्नु/गराउनु हो । यसको अतिरिक्त विद्यालयमा तालिमप्राप्त शिक्षक राखेर विद्यार्थीको व्यक्तिगत आवश्यकता अनुसार सहयोग गर्न सकिन्छ ।

स्वास्थ्यसम्बन्धी सहयोग अन्तर्गत चिकित्सकीय सहयोगका लागि प्रारम्भिक पहिचान र नियमित स्वास्थ्य जाँच, औषधीको उपलब्धता र विभिन्न थेरापी सेवा उपलब्ध हुनु आवश्यक मानिन्छ । प्राविधिक उपकरण जस्तै ह्विलचेयर, सुनाइने मेसिन, अक्षरलाई ठुलो बनाई पढ्न सक्ने यन्त्र वा कृत्रिम अङ्ग जस्ता उपकरण विद्यालय वा विद्यालय क्षेत्रभित्र सहज आपूर्तिको व्यवस्थासहित आर्थिक रूपमा कमजोर भएका विद्यार्थीका लागि निःशुल्क वा कम लागतमा उपलब्ध हुने कुराको सुनिश्चिततामा जोड दिएको हुन्छ । त्यसै गरी आर्थिक र सामाजिक सहयोगमार्फत गरिबीको रेखामुनि रहेका र सीमान्तकृत समूहभित्रका वर्गलाई जीविकोपार्जनका लागि सिपमूलक तालिममार्फत रोजगारको अवसर सिर्जना गरी विद्यार्थीको सिकाइ निरन्तरतालाई सहजीकरण गर्न सकिन्छ ।

शिक्षण विधि र अभ्यास : समावेशी कक्षा एक महत्वपूर्ण आयाम हो जसले अपाङ्गता भएका वा थप सिकाइ सहजीकरण आवश्यक भएका बालबालिका अन्य विद्यार्थीसँगै एउटै कक्षामा सहपाठीको सहयोग र समूहगत गतिविधिमार्फत सिक्न सक्ने कुरामा विश्वास गर्छ । यसमा आवश्यकता अनुसार विधि, प्रक्रिया र सामग्री अनुकूलन गरिन्छ, जस्तै दृष्टिविहीन विद्यार्थीका लागि ब्रेल पाठ्यपुस्तक, श्रवण वा छामेर सिक्न सक्ने सामग्री, श्रवण समस्या भएका विद्यार्थीका लागि साङ्केतिक भाषाको प्रयोग तथा बौद्धिक अपाङ्गता भएका लागि पढ्न सजिलो हुने प्रणालीलगायत बहुसंवेदी सामग्री श्रव्य, दृश्य, स्पर्शजन्य सामग्रीको उपयोगलाई अभिप्रेरित गरिएको हुन्छ । पाठ्यक्रमले नै अनुकूलित समावेशी शिक्षण उपकरणको सफ्टवेयर, एप्स, स्क्रिन रिडर, श्रव्य पुस्तकहरू, रियाल टाइम सबटाइटलिङलगायतका सहायक उपकरणको प्रयोगले सिकाइ सहजीकरण गर्न जोड दिन्छ । समावेशी मूल्याङ्कन प्रणाली पनि यसको अर्को महत्वपूर्ण विशेषता हो ।

पाठ्यपुस्तक विषयवस्तु र शिक्षण

समावेशी शिक्षण अभ्यासको पहिले आधार भनेको पाठ्यक्रम हो, जसले कुन विषय कसले हुन् विधि वा कुन विशेष उद्देश्य हासिल गर्नका लागि के के क्रियाकलाप कसरी गर्ने र समावेशिता कसरी सुनिश्चित गर्नेसम्मको खाका निर्धारण गर्ने भएकाले प्रत्येक विद्यार्थीको आवश्यकता अनुसार पाठ्यक्रम तयार गर्न समावेशी शिक्षाले जोड दिएको हुन्छ । समावेशी पाठ्यक्रम भन्नाले शिक्षण सिकाइ उद्देश्य, पाठ्यवस्तु, प्रक्रिया, सामग्री र वातावरणलाई अपाङ्गतालगायत सबै विद्यार्थीका लागि पहुँचयोग्य, समान र सान्दर्भिक बनाउने प्रयास हो । पाठ्यक्रम र शिक्षण विधिले विद्यार्थीको क्षमता, रुचि र अवस्थालाई ध्यानमा राख्नु पर्छ ।

### निष्कर्ष

समावेशी शिक्षा सबैका लागि शिक्षामा समान अवसर प्रदान गर्ने, विद्यार्थीको भिन्नतालाई स्वीकार गर्ने र समाजमा सकारात्मक परिवर्तन ल्याउने साधन हो । यसले शैक्षिक मात्र होइन, सामाजिक रूपमा पनि समता र सहभागिता सुनिश्चित गर्छ । यसले शैक्षिक सफलता, सामाजिक एकता र व्यक्तिगत सशक्तीकरणलाई प्राथमिकतामा राख्छ । पहिलो, शैक्षिक सफलता सुनिश्चित गर्न पाठ्यक्रम, शिक्षण विधि, र मूल्याङ्कन प्रणाली लचिलो हुनु पर्छ, जसले विद्यार्थीको क्षमता र आवश्यकता अनुसार सिकाइको प्रक्रिया समायोजन गर्न सकियोस् । समावेशी शिक्षाले सामाजिक एकताको आधार तयार गर्दै सहकार्य, आपसी आदर र सहिष्णुताको वातावरण निर्माण गर्छ । यसले विविध पृष्ठभूमिका विद्यार्थीलाई साझा सिकाइको माध्यमबाट एकअर्कालाई बुझ्न र सहयोग गर्न सक्षम बनाउँछ ।

# किन कसले बनाइदिन्छ नेपाल ?



• नरेन्द्र साउद

छिमेकी देश चीनको अनुदानमा कोटेश्वर-कलंकी ८ लेन सडक २०७५ सालमा निर्माण सम्पन्न भयो। माघ १५ गते नेपाल सरकारलाई हस्तान्तरण गर्ने औपचारिक कार्यक्रम तय गरियो। त्यसकै लागि चीन सरकारका केही प्रतिनिधि र निर्माण कम्पनीका उच्च अधिकारी काठमाडौं आएका थिए। हस्तान्तरणको अघिल्लो दिन राजधानीको एउटा पाँचतारे होटेलमा अनौपचारिक कार्यक्रम आयोजना गरिएको थियो। तर, त्यहाँ खुसी र उमंग भन्दा आशंका र सन्नाटाले हल भरिएको थियो।

कार्यक्रममा निम्तातुहरू कोही पनि खुलेर बोल्न सकिरहेका थिएनन्। चिनियाँहरूको गुनासो थियो- यति राम्रो सडक बनाइदियौं, तपाईंहरू (नेपाल)ले धन्यवाद दिनुहोला भन्ने अपेक्षा गरेर यहाँ आएका थियौं। तर, यहाँ त उल्टै मृत्युमार्ग बनाइदियो भनेर आक्षेप लगाउनुभयो। सडक बनाई सकेपछि यो भएन, ऊ भएन भनेर गुनासो गर्नुभयो। सडकको डिजाइन गर्ने बेला यस्तो सडक चाहिन्छ भनेर किन नभनेको ? ' सरकारी कर्मचारी र केही कूटनीति क्षेत्रका जानकारहरू चिनियाँ अधिकारीलाई सम्झाउन/बुझाउन खोज्दै थिए। तर, चिनियाँहरूले निकै अमिलो मन बनाएका थिए। चिनियाँ अनुहारमा खुसीभन्दा 'पश्चाताप र असन्तुष्टि' का रेखा प्रस्टै झल्किन्थे। नहोस् पनि किन, चीनले अनुदानमा २०६९ मा कोटेश्वर-कलंकी सडक निर्माण सुरु गऱ्यो। ६ वर्षमा काम सकेर जब नेपाललाई हस्तान्तरण गर्ने बेला भयो- नेपालमा रातारात पूर्वाधारविद्/विकासविद्को जन्म भयो। अनि, सञ्चारमाध्यममा 'सुनियोजित' समाचार लेखिए/लेखाइए, सडकको डिजाइन त्रुटिपूर्ण छ। ८ लेनको सडक 'मृत्युमार्ग'।' जबकि सडक निर्माणको ६ वर्षको अवधिमा उनीहरू कानमा तेल हालेर बसे।

कोटेश्वर-कलंकी सडक निर्माण गरेबापत चिनियाँहरूले जुन 'अपमान र पश्चाताप' को अनुभूति गरे, सायद त्यही भएर उनीहरू चक्रपथको दोस्रो खण्ड (कलंकीदेखि बसुन्धरा) खण्डको विस्तारमा तदारुकता नदेखाएका हुन्। किनकि, पहिलो खण्ड बनेलगत्तै दोस्रो खण्ड चीनले नै बनाइदिने सहमति गरिएको थियो। तर, ६ वर्ष भयो, उनीहरूले न त सडकको डिजाइन बनाएर नेपाललाई दिएका छन्, न त सडक विस्तारको प्रक्रिया नै सुरु गरेका छन्। यसका लागि चिनियाँहरूको अमिलो मनमा मलमको जरुरी पो हो कि ?

अर्को उदाहरण हेरौं। झन्डै ६० अर्बको अमेरिकी अनुदान सम्झौता (एमसीसी) संसद्बाट अनुमोदन गर्ने बेला सिंगो देशलाई राजनीतिक रंगका आधारमा विभाजन गरियो। एमसीसीका कारण कतिका कुर्सी हल्लिए, कसैलाई कुर्सीमा पुग्ने भऱ्याङ बनाइयो। आरोप-प्रत्यारोप, आशंका र त्रासबीच संसद्बाट एमसीसी अनुमोदन भयो। त्यसपछि, विद्युत् प्रसारण लाइन र सडक स्तरोन्तरीका कामअघि बढ्ने अपेक्षा थियो। तर, १५ महिना बितिसके, विद्युत् प्रसारण लाइनका लागि जग्गा अधिग्रहण र मुआब्जा वितरण कार्य सकिएको छैन। यही गतिले अब ४५ महिनामा एमसीसी अन्तर्गतका आयोजना सम्पन्न हुन्छन् भन्ने विश्वासिलो आधार छैन। किनकि, पाँच वर्षमा प्रोजेक्टको काम पूरा नभए अमेरिकी सहयोग फिर्ता जान्छ।

यो मात्र होइन, विदेशी लगानी भित्र्याउने भन्दै सरकारले गत वैशाखमा धूमधामका साथ लगानी सम्मेलन गऱ्यो। लगानीमैत्री वातावरण बनाउने भन्दै हतार-हतार कानुन संशोधन गरिए। लगानीकर्तालाई आश्वस्त पार्न भन्दै छोटो विधिबाट अध्यादेशमार्फत कानुन संशोधन गरिएका थिए। तर, त्यसपछि ? सरकारले लगानी सम्मेलन बिर्स्यो। सरकारी संयन्त्र सुते। संशोधित कानुन कार्यान्वयन गर्न कुनै पनि मन्त्रालयले 'निर्देशिका' बनाएनन्। एकले अर्को मन्त्रालय/विभागमाथि दोष थोपर्दै पन्छिने गरेका छन्। उद्योग मन्त्रालयका एक उच्च अधिकारी निर्देशिका नबन्दा विदेशी लगानीकर्ता आउन नसकेको स्वीकार गर्छन्। केही दिनअघि मन्त्रालयमा भएको भेटमा ती अधिकारी भन्दैथिए- 'त्यत्रो धूमधामसाथ लगानी सम्मेलन गऱ्यौं। लगानीमैत्री वातावरण बनाउन कानुन संशोधन गरेका छौं भनेर घोषणा गऱ्यौं। तर, विदेशीहरू खै त कानुन किन लागू भएनन् ? भनेर प्रश्न गरिरहनुहुन्छ। हाम्रा संयन्त्रलाई यसको गाम्भीर्यताको कुनै मतलव छैन।'

देश किन बनेन ? अर्को उदाहरण हेरौं, काठमाडौं-तराई जोडने फास्ट ट्र्याक निर्माणकार्य २०७४ बाट सुरु भयो। राजधानी काठमाडौंलाई तराईसँग जोड्ने यो छोटो राजमार्गमात्र होइन, रणनीतिक मार्ग पनि हो। नेपाली सेनाले अग्लाअग्ला पुलसहित आधुनिक ढंगको सडक बनाइरहेको छ। तर, निर्माण सुरु भएको ७ वर्षसम्म सुरुङ्मार्गको प्रस्थान बिन्दुको टुंगो छैन। ललितपुरको खोकनामा देखिएका स्थानीयका मागमा राजनीतिक स्वार्थका रोटी सेक्न थालिएको छ। प्रस्थानबिन्दुको टुंगो नलाग्दा यो खण्डको ठेक्कासमेत लाग्न सकेको छैन। प्रस्थान बिन्दुबिनाको परियोजनाको कामको प्रगति सन्तोषजक हुने कुरै भएन।

भएका आयोजना, पूरा गर्ने भनिएका प्रतिबद्धता र काम गर्ने शैलीको हालत यस्तो छ। तर, देश र जनतालाई फेरि फरक-फरक कित्तामा उभ्याएर लफडा गर्न खोजिँदैछ- चीनको बेल्ट एन्ड रोड इनिसियटिभ (बीआरआई) प्रोजेक्टका कारण। प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणमा बीआरआई फ्रेमवर्कमा सहमति भए पनि भूराजनीति, क्षेत्रीय/अन्तर्राष्ट्रिय चासो र प्रभावका कारण ती आयोजना सहजै अघि बढने देखिँदैनन्। किनकि, बीआरआई कार्यान्वयनमा जुन बलियो एकता, सहमति र समझदारी हुनुपर्ने हो, सत्ताभित्रै त्यस्तो देखिएको छैन। उल्टै, सत्ता चढ्ने र सत्ताबाट झार्ने अस्त्र बन्न सक्ने संकेतहरू देखिन थालेका छन्। किनकि, सुखी नेपाली र समृद्ध नेपालको जतिसुकै रटान लगाए पनि साँचो अर्थमा मुलुकलाई अघि बढाउने र छरछिमेक जस्तै देश समृद्ध र विकसित बनाउने उद्देश्य, लक्ष्य र योजना कुनै पनि नेता/दलमा देखिँदैन। बरु, कसरी सत्ता हत्याउने र कुर्सीमै टाँसिने ध्याउन्नमा राजनीतिक दल/नेता लिप्त छन्। फास्ट ट्र्याकको प्रस्थानबिन्दु टुंगो लगाउन नसक्ने, प्रसारण लाइनको मुआब्जा विवाद अन्त्य नगर्ने, वर्षौंदेखि ठूला र महत्वका आयोजना होल्ड गर्ने स्वदेशी/विदेशी ठेकेदारलाई दबाब

❖ बाँकी तेस्रो पृष्ठमा

# घटेन घरेलु हिंसा: जबरजस्ती करणीमा उजुरीको चाङ

झापा(प्रस) । नेपाल प्रहरीका अनुसार आर्थिक वर्ष २०८०-८१ मा महिला तथा बालिकामाथि हुने हिंसाको २० हजार ७९२ घटना दर्ता भएका छन् । पछिल्लो पाँच वर्षमा महिला तथा बालिकामाथि हुने विभिन्न प्रकृतिका हिंसामध्ये सबैभन्दा बढी घरेलु हिंसाका घटना छन् ।

देशभर महिला तथा बालिकाविरुद्ध हुने हिंसाको घटना आर्थिक वर्ष २०७६-७७ मा १५ हजार ७५६, २०७७-७८ मा १८ हजार ९६१, २०७८-७९ मा २१ हजार ४५१, २०७९-८० मा २० हजार ९१३




र २०८०-८१ मा २० हजार ७९२ घटना प्रहरीमा दर्ता भएका छन् ।
जसमध्ये घरेलु हिंसा प्रकृतिका बर्षेनि ११ हजारदेखि १७ हजारसम्म घटना प्रहरीमा दर्ता भएका छन् । आर्थिक वर्ष २०७६-७७ देखि २०८०-८१ को पाँच वर्षसम्म क्रमशः घटना ११ हजार ७३८, १४ हजार २३२, १७ हजार, १६ हजार ५१९ र पछिल्लो वर्ष १६ हजार ४१६ घटना प्रहरीमा दर्ता भएका छन् ।
राष्ट्रिय मानव अधिकार आयोग नेपालका सदस्यसमेत रहेका अधिकारकर्मी डा. लिली थापा भन्छन्, "हिंसा घटेको वा बढेको भन्दा पनि रिपोर्टिङहरू भइरहने क्रम अलि बढेको छ । पहिला रिपोर्टिङ हुँदैनथ्यो, अहिले हुन्छ । घरेलु हिंसा पनि छ । त्यो सँगसँगै हिंसाका नयाँ आयामहरू भएको अवस्था छ । जसले महिलाहरू पीडित छन् भन्ने कुरा छ ।"जबरजस्ती करणीसम्बन्धी २०७६-७७ देखि २०८०-८१ को पाँच वर्षसम्म क्रमशः दुई हजार १४४, दुई हजार ५३२, दुई हजार ३८०, दुई हजार ३८७ र दुई हजार ५०७ उजुरी प्रहरीमा परेको छ । डा. थापाले महिला हिंसाविरुद्ध १६ दिनको अभियानभन्दा पनि हरेक दिन वकालत गर्नुपर्ने विषय रहेको बताए ।

उनले भने, "१६ दिनमा चाहिँ विशेष जसरी राष्ट्रिय, अन्तर्राष्ट्रिय रूपमा अटेन्सन्, ध्यानाकर्षण गराउनका लागि अलि बढी नै सान्दर्भिक विषयमा मनाउने गरिन्छ । नेपालको कन्टेक्स्टमा हेर्ने हो भने मानव अधिकारमा काम गर्ने संघ, संस्थाहरूले नयाँ आयामका रूपमा मनाउँदै गएको छ ।" उनले पछिल्लो समय साइबर अपराध तथा अनलाइनका माध्यमबाट हुने हिंसाबाट असुरक्षा बढेको भनाइ राखे । हिंसा न्यूनीकरणका लागि बलियो कानुन, नीति नियम बन्नुपर्ने उनको भनाइ छ ।

उनले भने, "अनलाइन हिंसा जुन फेक न्युजहरू, अनलाइनबाट बोलेका बोलीहरू यस्तोबाट धेरै महिला हिंसा भएको छ । जसको प्रमाण पनि भेटिँदैन । अझ बढी साइबर क्राइमहरु, यस्तोमा महिला अझ बढी असुरक्षित भएका छन् । त्यसविरुद्ध नेपाल सरकारले अलि स्ट्रङ मेकानिजम्, पोलिसी र कानुनहरू ल्याउनुपर्छ भन्ने आवाजहरू उठिरहेको छ ।"
राष्ट्रिय महिला आयोगका उपसचिव सीता अधिकारीका अनुसार गत आर्थिक वर्ष आयोगमा २२ सय महिलाको उजुरी परेको थियो । उनले विभिन्न प्रकृतिका हिंसामध्ये ८० प्रतिशत घरेलु हिंसा हुने गरेको बताइन् ।
उनले भनिन्, "हिंसाको घटना बढेको भन्दा पनि प्रकृतिअनुसार यो विद्युतीय माध्यमबाट हुने हिंसाका घटनाहरू बढेका छन् । महिला, पुरुष दुवैको संलग्नतामा हुने हिंसाको घटना बढेका छन् ।विभिन्न आधुनिक जीवनशैलीको कारणले मनोरञ्जन क्षेत्रमा श्रम गर्ने महिलामा त्यस्ता हिंसाका घटना बढेका छन् ।

उजुरीको हिसाबले हेर्दा हिंसाका घटनाका उजुरी बढ्नेक्रममा छ ।"महिलामा सचेतनाको स्तर बढेकोले गर्दा उजुरी संख्या बढेको उनको भनाइ छ । उनले प्रथाजन्य केही हिंसा जस्तै बालविवाह, बहुविवाह भने घट्दै गइरहेको बताइन् ।
उनले भनिन्, "मूल्य, मान्यतामा आधारित हुने बालविवाह, बहुविवाहको कुरा घट्दै गइरहेको छ । घरेलु हिंसा, कुटपिट घटना घट्दै गइरहेको छ । जबरजस्ती करणीको घटना चाहिँ घटेको देखिँदैन, बढेको देखिन्छ ।" उनले महिला हिंसाविरुद्धको १६ दिने अभियानजस्ता कार्यक्रमले सचेतना विकासका लागि सहयोग पुग्ने भनाइ राखिन् ।

उनले भनिन्, "मानवीय दिमागले मनसायपूर्ण गरिने कार्य भन्छ के हिंसालाई । मान्छेको सचेतना विकास गर्नका लागि संसद्, पालिकाहरू सक्रिय भइरहेको हुनाले सचेतना फैलिँदै छ । सोच परिवर्तन गर्नका लागि सचेतनाका कार्यक्रमहरू प्रभावकारी बनेका छन् ।"

# आफैले काटेको रुखको हाँगाले लागेर मृत्यु



झापा(प्रस) । आफैले काटेको रुखको हाँगाले लागेर इलाममा एकजनाको मृत्यु भएको छ ।
इलाम देउमाई नगरपालिका- ९ जितपुर सुङ्गुरेडाँडा बस्ने अन्दाजी ४९ वर्षीय तुलसी जबेगूको आफैले काटेको रुखको हाँगाले लागेर मृत्यु भएको हो । आइतवार बिहान करिव ११:३० बजे जबेगूले रुख काट्ने क्रममा माथिबाट अचानक रुखको हाँगा खसेर उनको ढाडमा लागेको थियो ।
घाइतेलाई उपचारका लागि बीएण्डसी अस्पताल बिर्तामोड ल्याइएकोमा उपचारका क्रममा दिउँसो ४.५० बजे मृत्यु भएको जिल्ला प्रहरी कार्यालय इलामले जनाएको छ ।

# नेपाली फिल्म निर्माणको लहर बढ्दै

झापा(प्रस) । पछिल्लो समय नेपाली फिल्महरू लगातार सफल भइरहेपछि फिल्मकर्मीहरू उत्साहित देखिएका छन् । अहिले धमाधम नयाँ फिल्म घोषणा हुने र बन्ने क्रम पनि अघि बढेको छ । नियमित फिल्म बनाइरहेका मेकरसँगै पुराना मेकरहरूको कमब्याक र नयाँहरूको उपस्थिति पनि बाक्लो देखिन थालेको छ ।
प्रायः म्युजिक भिडियोहरू निर्माण गरिरहेका सरोज वलीले केही दिनअघि फिल्म 'हरिबहादुरको जुत्ता' निर्माणको घोषणा गरे । वलीको यो पहिलो फिल्म हुनेछ । अगाडिदेखि नै फिल्म बनाउने योजना बुने पनि उनका लागि यो उपयुक्त समय लाग्यो । कारण, दर्शकहरूले हरेक विधाका फिल्मलाई स्वागत गरिरहेका छन् । झन् सरोज पौडेल निर्देशित फिल्म 'पूर्णबहादुरको सारङ्गी'सम्म आइपुग्दा उनको हुटहुटी बढ्यो । 'पछिल्ला फिल्महरूले दर्शकको साथ पाइरहेको देख्दा राम्रो कथा पस्किन सक्यो भने सफल हुने विश्वास भयो, त्यसकारण उत्साह पनि बढ्यो,' वलीले भने ।
गत जेठमा निर्देशक दिनेश राउतको फिल्म 'पुजार सार्की'ले १० करोडमाथिको व्यापार गर्यो । त्यसअघि र त्यसयता फिल्मको व्यापार देख्दा उनलाई पनि थप हौसला मिलेको छ । नियमित फिल्म बनाइरहेका राउतको नयाँ फिल्म 'महाभोज' आगामी माघबाट फ्लोरमा जाँदैछ । अघिल्ला फिल्म निर्माण गर्दा कथावस्तु राम्रै भए पनि चल्छ कि चल्दैन भन्ने डर भइरहन्थ्यो उनमा । तर अहिले त्यो डर नरहेको दिनेश बताउँछन् । 'विगतमा जति राम्रो बनाउने कोसिस गरे पनि दर्शकले फिल्म हेर्दैनन् भन्ने मनस्थिति हुन्थ्यो । अहिले राम्रो फिल्म बनाए चल्छ भन्ने विश्वास बढेको छ,' उनले भने ।
लामो समयपछि निर्देशक तुलसी घिमिरे पनि फिल्म 'पहाड'मार्फत डेब्यू गर्दैछन् । उनी पनि चाँडै फ्लोरमा जाने तयारीमा छन् ।वैशाखयता हेर्ने हो भने अधिकांश फिल्मले सुखद व्यापार गरेका छन् । वैशाखमा प्रदर्शन भएको 'बोक्सीको घर'देखि 'पूजार सार्की,' 'फर्की फर्की', 'घरज्वाइँ', 'मनसरा', डिग्री माइला', 'गाउँ आएको बाटो', 'खुस्मा' हुँदै 'शाम्बाला' लगायत कुनै पनि फिल्मले व्यापारमा निराश भने बनाएनन् । केहीले लगानी सुरक्षित गरे त केहीले राम्रो व्यापार गरे ।
दसैंयता हेर्ने हो भने 'बेहुली फ्रम मेघौली,' 'ज्वाइँसाब', छक्का पञ्जा ५' र '१२ गाउँ'सम्म आइपुग्दा अनपेक्षित व्यापारकै कारण फिल्म क्षेत्रमा रौनक थप्यो । यसबीचमा 'सानो संसार' र 'आँखा'को व्यापार कमजोर देखियो । १५ कात्तिकबाट प्रदर्शनमा आएको फिल्म 'पूर्णबहादुरको सारङ्गी'ले त धेरै रेकर्ड नयाँ बनायो । फिल्मले अहिलेसम्म नेपालमा मात्रै ४८ करोडभन्दा माथिको व्यापार गरेको छ ।
त्यतिमात्र हैन, हिन्दी फिल्महरूसँग भिड्न कठिन भइरहेका बेला यो फिल्मले भने बलिउडका आशालाग्दा फिल्म 'सिंगम अगेन' र 'भुल भुलैया ३'लाई नेपालमा निकै पछि पार्यो ।
त्यसपछि प्रदर्शनमा आएका 'ह्रस्व दीर्घ' र 'तेल भिसा'को व्यापार पनि निराशाजनक भएन । चलचित्र विकास बोर्डका अध्यक्ष दिनेश डीसीका अनुसार सुखद माहोलकै कारण एक महिनायता १० वटाभन्दा बढी फिल्म दर्ता भइसकेका छन् । यो क्रम अझै बढ्ने आकलन उनको छ । दिनेश अहिले फिल्ममा राम्रो व्यवसाय हुने रहेछ भनेर लगानी गर्नेहरू थपिएको बताउँछन् । 'वैशाखयता हेर्ने हो भने हर प्रकारका फिल्म चलेका छन् । हरर जस्तो लाग्ने 'बोक्सीको घर' होस् वा कमेडी विधाको 'छक्का पञ्जा ५' वा एक्सन फिल्म '१२

❖ बाँकी अन्तिम पृष्ठमा

# लैंगिक हिंसाबिरूद्ध बिर्तामोडमा अन्तरक्रिया

बिर्तामोड(प्रस) । ३३ औं अन्तर्राष्ट्रिय लैंगिक हिंसाबिरूद्ध १६ दिने अभियानको अवसर पारेर अन्तरपार्टी महिला सञ्जाल झापाले "झापामा लैंगिक हिंसाको अवस्था र स्थानीय सरकारको भूमिका" बिषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।
सञ्जाल झापाकी अध्यक्ष गोमा भट्टराईको अध्यक्षता तथा राष्ट्रिय सभा सदस्य गोपालकुमार बस्नेतको प्रमुख आतिथ्यतामा बिर्तामोडस्थित



संजालको भवनमा अन्तरक्रिया गरिएको हो ।
कार्यक्रममा बिर्तामोड नगरपालिकाका उपप्रमुख नगेन्द्र संग्रौला, माओवादीका जिल्ला ईन्चार्ज सि.पि. कडरिया, नेपाली कांग्रेसका जिल्ला सचिव कृष्ण हुमागाई, एकीकृत.समाजवादीका प्रतिनिधि श्रीप्रसाद मिश्रलगायतले लैंगिक हिंसासम्वन्धी धारणा राख्दै व्यक्तिको सोचमा परिवर्तन नआएसम्म महिला हिंसा नरोकिने विचार राखेका थिए ।

अधिवक्ता कविता बास्तोलाले कार्यपत्र प्रस्तुत गरेको कार्यक्रममा बिर्तामोड १ का वडाध्यक्ष अग्निप्रसाद पाण्डे, सञ्जालका पूर्व अध्यक्षहरू सुशीला ढकाल, लक्ष्मी न्यौपाने (सरू), संगिता रौनियार, पूर्व सचिव जसमाया गजमेर, सञ्जालकी झापा क्षेत्र नं.३ की अध्यक्ष उर्मिला गौतमलगायत महिला नेतृहरूको बाक्लो उपस्थिति रहेको थियो । सञ्जालकी उपाध्यक्ष द्रौपदी गणेशले स्वागत र कार्यक्रमको सञ्चालन सचिव इन्दिरा कार्कीले गरेका थिए ।

# कांग्रेसको भ्रातृ तथा शुभेच्छुक संस्थाको भेला

बिर्तामोड(प्रस) । नेपाली कांग्रेस केन्द्रीय सदस्य दिपक गिरीले संविधानमा केही सुधार गर्नकै लागि कांग्रेस-एमालेबीच सत्ता गठबन्धन भएको बताएका छन् । नेपाली कांग्रेसले शुरु गरेको सयदिने विशेष अभियानअन्तर्गत नेपाली कांग्रेस झापाद्वारा आयोजित भ्रातृ तथा शुभेच्छुक संघसंस्थाहरुको जिल्लास्तरीय भेलालाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै अभियानका लागि केन्द्रीय प्रतिनिधिसमेत रहेका गिरीले 'पब्लिक सेन्टिमेन्ट' बुझ्रेरै संविधानमा केही सुधार गर्नुपर्ने अवस्था आएको बताएका हुन् ।
सबैको सक्रियताले मात्रै पार्टी संगठन मजबुद हुने बताउँदै नेता गिरीले आफूले नेतृत्व गरेको संस्थालाई चलायमान बनाउन भ्रातृ तथा शुभेच्छुक संघ संस्थालाई आग्रह गरे ।



नेपाली कांग्रेसलाई मुलुकभर सशक्त बनाउन सयदिने अभियान सञ्चालन गरिएको धारणा राख्दै उनले भ्रातृ तथा शुभेच्छुक संस्थालाई विधिवत रुपमा चलायमान गराउन यो अभियानले मद्दत पुग्ने बताए ।
नेपाली कांग्रेस झापाका सभापति देउकुमार थेवेले जिल्ला मातहतका भ्रातृ तथा शुभेच्छुक संघ संस्थाको अधिवेशन गर्ने अधिकार जिल्लालाई दिन केन्द्रसँग माग गरिएको जानकारी दिए ।
भ्रातृ संघ संस्थाको अधिवेशन क्यालेन्डरअनुसार नै गर्नसके मात्रै संगठन चलायमान हुने बताउँदै सभापति थेवेले सयदिने बिशेष अभियान झापामा निरन्तर अघि बढेको र मंसिरभित्र वडा भेला, पालिका भेला सकेर पौषमा क्षेत्रीय भेला समापन गरिने जानकारी दिए ।
कार्यक्रममा नेपाल महिला संघ झापाका अध्यक्ष टिका सिटौला मैनाली, नेपाल लोकतन्त्रवादी आदिबासी जनजाति महासंघ झापाका अध्यक्ष दिलकुमार नेम्बाङ, शिक्षक संघ झापाका उपाध्यक्ष कुमार खतिवडा, नेपाल ट्रेड युनियन कांग्रेस झापा अध्यक्ष यज्ञप्रताप अधिकारी, भूतपूर्व सैनिक संघ झापाका सचिव, नेपाल लोकतान्त्रिक अपांग संघका केन्द्रीय सदस्य धर्मराज घिमिरे, प्रेस युनियन झापाका अध्यक्ष गिरिराज भट्टराई, प्रजातन्त्र सेनानी संघका झापा अध्यक्ष लिलक सिटौला, टेकनाथ उप्रेती, नेपाल विद्यार्थी संघ झापा अध्यक्ष सञ्जय निरौला, नेपाल किसान संघ झापा अध्यक्ष रतन थिङ्लावो, नेपाल दलित संघ झापा अध्यक्ष दलबहादुर विकलगायतले आ-आफ्ना संस्थाले गरेका गतिविधिका बारेमा प्रकाश पारेका थिए । नेपाली कांग्रेस झापा सभापति देउकुमार थेवेको सभापतित्वमा सम्पन्न कार्यक्रममा स्वागत दिपक तामाङ, सञ्चालन कृष्ण हुमागाई र जयकुमार दाहालले संयुक्तरुपमा गरेका थिए ।

# बिबिएस चौथो वर्षको परीक्षामा निशा राजवंशी नेपाल प्रथम



झापा(प्रस) । २०८० सालमा त्रिभुवन विश्वविद्यालयद्वारा लिएको बिबिएस चौथो वर्षको परीक्षामा मेरील्यान्ड कलेज विराटनगरकी छात्रा नेपाल प्रथम भएकी छन्।विराटनगर ७ स्थित मेरील्याण्ड कलेजकी छात्रा निशा राजवंशी नेपालमै सर्वाधिक ८६.२ प्रतिशत अङ्क ल्याई नेपाल प्रथम भएको कलेजले दाबी गरेको हो । कलेजले उक्त अङ्क त्रिविको इतिहासमा हालसम्मकै उच्च अङ्क रहेको पनि दाबी गरेको छ। त्यस्तै एलिशा पोखेलले ८३.४ प्रतिशत ल्याएकी छन् । जम्मा ९७ विद्यार्थी सामेल भएको परीक्षामा डिसटिङ्सन अङ्क ल्याई १२, प्रथम श्रेणीमा ३२,दोस्रो श्रेणीमा १७ विद्यार्थी उत्तीर्ण भएका छन् ।

कुल उत्तीर्ण प्रतिशत ८१ रहेको कलेजका प्रिन्सिपल लक्ष्मण ढकालले बताए । 'यो रिजल्ट अर्को ऐतिहासिक उपलब्धि हो 'ढकालले भने । यसअघि २०७६ सालमा सोही कलेजका किंजल पोखेलले त्रिविबाट टपर बनी तत्कालीन प्रधानमन्त्री डा . बाबुराम भट्टराईबाट गोल्ड मेडल प्राप्त गरेका थिए ।

# किन...

दिन नसक्ने, लगानीको वातावरण बनाउन नसक्ने दल र नेताले देशलाई समृद्ध बनाउँछन् भनेर पत्याइदिनुपर्ने ? अहम्, यही पारा, शैली र सोच हाबी भएसम्म देशले कोल्टे फेर्न नसक्ने निश्चित छ। बरु, कहिले एमसीसी त कहिले बीआरआईका लफडा झिकेर गिजोल्ने, देशलाई थिलथिलो बनाउने र अस्थिरता फैलाउने स्वदेशी/विदेशी शक्तिकेन्द्रको क्रीडास्थल बन्ने खतरा देखिँदैछ। यस्तो परिस्थितिको बेलैमै मूल्यांकन गर्ने र त्यसअनुसार रणनीति बनाउन सरकार र दलहरू अग्रसर हुनैपर्छ।

अर्को पक्ष, आज विश्वका अधिकांश देशले विकासमा चमत्कार गरिसकेका छन्। तर, नेपाल किन बनेन ? उत्तर सहज छ- नेपाली शैली।' अर्थात्, काम नगर्ने गफ दिने, जिम्मेवारी ननिभाउने हेलचेक्र्याइँ गर्ने, समाधानभन्दा अनावश्यक विवाद निकाल्ने, देशभन्दा व्यक्तिगत स्वार्थमा लिप्त हुने, विकासमा भन्दा विवादमा समय खेर फाल्ने, समयको महत्व नबुझ्ने, टालटुलमा रमाउने, यी नेपाली शैली बनिसकेका छन्। जबसम्म यी शैलीमा परिवर्तन हुँदैन, सुखी नेपाली, समृद्धिको नेपालको नाराको जतिसुकै रटान लगाए पनि यथार्थमा देश बन्न सक्दैन। राष्ट्रिय गौरवका आयोजना फटाफट बनाउने हो भने देश बन्न धेरै समय लाग्दैन। चाहिएको छ त केवल-सरकारको अग्रसरता र तदारुकता। त्यसैले गफमा होइन, काममा ध्यान दिऔं।

अड्को थाप्ने होइन, लगानी मैत्री वातावरण बनाऔं। राजनीतिको 'विकास' भन्दा विकासका लागि राजनीति गरौं। कुनै विदेशीले आएर देश बनाइदिने होइन। स्वदेशी/विदेशी लगानी भित्र्याएर नेपालीले नै नेपाल बनाउने हो। नेपाली श्रमशक्तिको स्वदेशमै प्रयोग गर्ने र युवा जनशक्तिलाई स्वदेशमै रोक्ने नीति, कार्यक्रम र योजना बनाउनुपर्छ। अरूका स्वार्थभन्दा देश र जनताका स्वार्थलाई केन्द्रमा राखेर अघि बढ्ने राजनीतिक नेतृत्वको खाँचो छ।

वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आई: ०२१-५२५६१८

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** आज अधुरो र नयाँ कार्यको थालनी हुनेछ । भाग्यले विभिन्न अवसर जुराउनेछ । | **कर्कट** धर्मकर्म तथा समाजसेवामा मन लाग्नेछ । वाहन सुख पनि मिल्नेछ । | **तुला** आज शुभकार्यमा सहभागिता जनाइने छ । महिला वर्गबाट विशेष सहयोग मिल्नेछ । | **मकर** आतिथ्यपूर्ण सम्मान पाइएला । वैदेशिक कार्य अघि बढ्नेछ । |
| **वृष** नोकरीबाट मानसम्मान मिल्नेछ । वस्त्र लाभ पनि हुनसक्छ । | **सिंह** आज स्वास्थ्य तथा सौन्दर्यतामा धन खर्च हुनेछ । अरुको लागि दौडधुप गर्नु पर्नेछ । | **वृश्चिक** पुंजी बजारमा सफलता मिल्ने छ । आर्थिक क्षेत्र राम्रै होला । | **कुम्भ** मनमा हर्ष, उमङ्ग र उत्साह छाउला । भाग्यले विभिन्न अवसर जुराउनेछ । |
| **मिथुन** आज छोटो दुरीको लाभदायक यात्रा हुनेछ । राज्यबाट मान सम्मान मिल्नेछ । | **कन्या** चोटपटक पनि लाग्न सक्छ । मन कमजोर रहन सक्छ । | **धनु** आज प्रेम र मित्रताको बन्धन कसिने बेला छ । नयाँ कार्यको योजना बन्नेछ । | **मिन** कला र गलाको प्रभाव बढ्नेछ । दाम, इनाम र प्रतिष्ठा पनि कमाउने बेला छ । |